

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ४ गते बिहीबार ❑ 16 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## एमालेका उमेदवारलाई राष्ट्रपति बनाए देशमा बर्बाद हुन्छ: अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन



नेकपा एकिकृत समाजबादीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले राष्ट्रपतिमा नेकपा एमालेका नेतालाई उमेदवार बनाए देश बर्बादमा पर्ने बताएका छन् ।

समाजबादी प्रेस संगठन कास्कीले बुधबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा वोल्दै अध्यक्ष नेपालले प्रतिगमनको बाटोमा जाने पार्टी एमालेका उमेदवारलाई राष्ट्रपति बनाएमा देश बर्बादमा पर्ने बताएका हुन् ।

एमालेबाट सभामुख, राष्ट्रिय सभाका अध्यक्ष सहित अब राष्ट्रपति एमालेको भागमा पर्ने अबस्था आए देशमा भन अन्यौल र प्रतिगमन तर्फ जाने अंकित गर्दै अध्यक्ष नेपालले परिवर्तनकारी, अग्रगामी शक्तिहरु एक हुनु पर्ने बताए । आफ्नो पार्टीबाट राष्ट्रपतिको दौडमा नभएको बताउदै लोकतान्तिक गणतन्त्रलाई संस्थागत गर्ने परिवर्तन र अग्रगामी व्यक्तिको पक्षमा आफुहरुले राष्ट्रपति बनाउन चाहेको उनले बताए । एमालेले यदि राष्ट्रपतिको उमेदवार उठाए आफुहरु त्यसको प्रतिपक्षमा मतदान गर्ने र बिरोध गर्ने उनले जनाए । अहिलेको खिचडी सरकार भएको अध्यक्ष नेपालको भनाई थियो । अध्यक्ष नेपालले २०६२/०६३ र संविधानबाट प्राप्त उपलब्धिलाई संस्थागत नगरुन्जेल अग्रगामी शक्तिहरु एक हुनु पर्ने उनको भनाई थियो । आफ्नो पार्टी कुनै पार्टीसँग विलिन नहुने तर परिवर्तनकारी अग्रगामी बाम शक्तिहरु बिच एकता हुने प्रयास भने जारी रहेको अध्यक्ष नेपालको भनाई थियो । संगठन सृदृण गर्दै संगठन बिस्तार गर्ने अभियानमा आफुहरु रहेको उनले बताए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री प्राप्त गर्न अग्रगामी र प्रतिगामी शक्ति बिच गठबन्धन गराएको आरोप लगाए ।

नेपालमा प्रतिगमन सम्भव नभएको दाबी गर्दै अध्यक्ष नेपालले प्रतिगमनकारी शक्ति सलवलाएमा आफुहरुले जस्तोसुकै मुल्य चुकाउन पनि पछि नपर्ने आसय व्यक्त गरे । देशको राजनीतिक अबस्था खोलाको पानी जस्तो जता ओरालो उतै तर्फ पानी बगेजस्तो भएको उनले टिप्पणी गरे । अहिलेको राजनीतिक अबस्था बुझ्दै सरकारका हरेक गतिविधिलाई मसिनो गरी नियाल्दै आएको अध्यक्ष नेपालले बताए । समाजबादी प्रेस संगठन गण्डकीका इन्चार्ज श्रीराम सिग्देलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको भिम थापाले बताए ।

## 'पर्यटन क्षेत्रको उत्थानका लागि राज्यले लगानी बढाउनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन



गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रेशम जुग्जालीले पर्यटन क्षेत्रको उत्थानका लागि राज्यले लगानी बढाउनुपर्ने बताउनुभएको छ ।

मन्त्रालयद्वारा मंगलबार आयोजित प्रगति समीक्षा कार्यक्रममा उहाँले समृद्ध गण्डकीको पहिलो आधारका रुपमा पर्यटनलाई लिइए पनि बजेटको प्राथमिकतामा नपरेको बताउनुभयो । 'कूल बजेटको एक दशमलव ६८ प्रतिशत मात्र पर्यटनमा छ, यो क्षेत्र हेलामा परेको छ', उहाँले भन्नुभयो, 'समृद्धिको आधार पनि भन्ने अनि यति थोरै बजेटले पर्यटन कसरी उकासिन्छ ।' मन्त्री जुग्जालीले जिल्ला तहमा रहेका पर्यटन तथा उद्योग कार्यालय पनि भौतिक पूर्वाधार र जनशक्तिको अभावबाट गुज्रिरहेको बताउनुभयो । आफू भर्खर मात्र मन्त्रालयको जिम्मेवारीमा आएको जनाउँदै उहाँले स्रोतसाधन र जनशक्ति व्यवस्थापनमा सक्दो पहल गर्ने बताउनभुयो । पर्यटन क्षेत्र बजेटको कम प्राथमिकतामा पर्नुको कारणबारे समीक्षा हुनुपर्ने उहाँको भनाइ छ । 'पहिले घरबासका लागि रु ३० करोड बजेट छुट्टाइएकामा अहिले किन एक करोडमा झ्र्यो अब हामीले यसमा पनि छलफल गर्नुपर्छ, कार्यक्रमका उपलब्धि के रहे समीक्षा गरौँ', उहाँले भन्नुभयो, 'योजना कार्यान्वयनमा समस्या छन् भने कार्यविधि बदलौँ बरु योजनाको संख्या घटाऔँ तर परिणाममुखी काममा बढी जोड दिऔँ ।' उहाँले न्यून जनशक्ति र स्रोतसाधनका बाबजुत मातहातका कार्यालयबाट भएको कार्यसम्पादन सन्तोषजनक रहेको बताउनुभयो । उहाँले कसैको दबाब र प्रभावमा नपरी निर्धक्क भएर कार्यक्षेत्रमा खट्न कर्मचारीलाई आग्रह गर्नुभयो ।

## चितवन-२ मा चैत २० गते उम्मेदवारी दर्ता

**रासस**
चितवन, ३ फागुन

चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० मा हुने उपनिर्वाचनका लागि चैत २० गते मनोनयनको कार्यतालिका सार्वजनिक गरिएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ मा उम्मेदवारको विरोधमा उजुरी, २२ मा मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गरिने भएको छ । यस्तै २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ ।आयोगले निर्वाचन तालिका अगावै मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्न निर्वाचन कार्यालयलाई परिपत्र समेत गरेको कार्यालयका सूचना अधिकारी अमबहादुर पुर्जाले जानकारी दिनुभयो । अहिले कार्यालयले नामावली अद्यावधिकको काम गरिरहेको छ । फागुन १ देखि चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिने छ । गत मङ्सिर ४ मा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यस क्षेत्रबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नागरिकता सर्वोच्च अदालतले खारेज गरेसँगै उहाँको सांसद पदपनि खारेज भएको थियो । रिक्त पद उपनिर्वाचनबाट पूर्ति गर्नुपर्ने कानुनी व्यवस्था भएकाले आयोगले उपनिर्वाचनका लागि आयोगले तयारी गरेको हो । मङ्सिर ४ मा भएको निर्वाचनमा एक लाख २५ हजार एक सय ६५ मतदातामध्ये ८२ हजार नौ सय ३४ मत खसेको उहाँले जानकारी दिनुभयो । सूचना अधिकारीपुर्जाकाअनुसार माघ ३ देखि २९ सम्म जिल्लामा पाँच सय ९७ जनाले मतदाता नामावलीमा दर्ता गराएका छन् । जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा उनीहरूले नामावली दर्ता गराएका हुन् ।आयोगले उपनिर्वाचनको मिति तय गरेसँगै जिल्लामा मतदाता नामावली सङ्कलनको काम रोकिएको छ ।

## गण्डकी प्रदेशमा बिहीबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

गण्डकी प्रदेशभर भोलि फागुन ४ गते सार्वजनिक बिदा दिइएको छ ।

प्रदेश सरकारले सरकार स्थापना दिवसका अवसरमा प्रदेशका सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थानमा बिदा दिएको हो । प्रदेश राजपत्रमा विसं २०७९ मा सार्वजनिक बिदामा स्थापना दिवसको दिन समेत समावेश गरिएको हो ।

गत वर्ष चैत २३ गतेको मन्त्रिपरिषद् बैठकले प्रदेश स्थापना भएको दिन बिदा दिने निर्णय गरेको थियो । प्रदेश स्थापना दिवसबाहेक प्रदेश सरकारले भानु जयन्ती, कोजाग्रत पूर्णिमा र चैतेदसैँमा बिदा दिँदै आएको छ । गण्डकी प्रदेश सरकारले स्थापना दिवसका अवसरमा बिहीबार विभिन्न कार्यक्रम गर्दैछ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीका अनुसार वार्षिकोत्सवलाई भव्य बनाउने गरी तयारी गरिएको छ । उहाँका अनुसार बिहान ७:३० बजे शहीदचोकस्थित शहीद स्तम्भमा माल्यार्पणको कार्यक्रम रहेको छ । त्यसपछि शहीदचोकदेखि पोखरासभागृहसम्म प्रभातफेरीको आयोजना गरिएको छ ।

पोखरा सभागृहमा वार्षिकोत्सवको मूल समारोह आयोजना गरिएको छ । समारोहमा प्रदेशका उत्कृष्ट कर्मचारीको घोषणा, विपद् व्यस्थापनमा खटिएर उत्कृष्ट काम गर्ने सुरक्षाकर्मीको सम्मान र मुख्यमन्त्री कप महिला तथा पुरुष भलिबल प्रतियोगिताका च्याम्पियन टोलीलाई पुरस्कार प्रदान गरिने सचिव अधिकारीले जानकारी दिनुभयो ।

## पचभैया प्राणी उद्यान केन्द्र सर्वसाधारणका लागि खुल्ला

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

सात तालको बगैंचा सहर लेखनाथको पचभैयामा निर्मित पचभैया प्राणी उद्यान केन्द्र सर्वसाधारणका लागि खुल्ला गरिएको छ ।

बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रूपमा लेखनाथ क्षेत्रका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर उक्त केन्द्र निर्माण गरिएको हो । गण्डकी प्रदेश सरकारअन्तर्गत डिभिजन वन कार्यालयले हेर्ने गरी स्थानीयवासी, वन उपभोक्ता समितिका प्रतिनिधि र युनाइटेड क्लबका प्रतिनिधिसहितको सहभागितामा व्यवस्थापन समिति गठन गरी केन्द्र सञ्चालन गरिएको छ । खुल्ला चिडियाखानाको अवधारणासहित सञ्चालनमा आएको केन्द्र सर्वसाधारणका लागि खुल्ला गरिएको केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दीनानाथ ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्र अवलोकन गर्न विद्यार्थीका लागि रु १५ र अन्य सर्वसाधारणका लागि रु २५ टिकट दस्तुर तोकिएको छ । पछिल्लो समयमा विभिन्न विद्यालयबाट विद्यार्थीहरू उक्त केन्द्र अवलोकनका लागि आउने गरेको उहाँले बताउनुभयो । केन्द्रमा पुग्ने सर्वसाधारणले त्यहाँ चितुवा, नीलगाई, रतुवा मृग, चित्तल, चरीबाग, बन बिरालो, स्याल, अजिङ्गर, सेता गिद्ध, लाटोकोसेरो, मयूर, कछुवालगायत २३ प्रजातिका वन्यजन्तु तथा पन्छीहरू अवलोकन गर्न पाउने छन् । वन्यजन्तु अवलोकनसँगै यस क्षेत्रका विभिन्न धार्मिक एवम् सांस्कृतिकस्थल संरक्षण र प्रवर्द्धनमा पनि जोड दिइएको अध्यक्ष ढकालको भनाइ थियो ।

"खुल्ला चिडियाखनासँगै यस क्षेत्रका ऐतिहासिक एवम् धार्मिक महत्वका सीता गुफा, बज्रमुष्ठी मन्दिर, नागाबाबाको तपस्थली पनि संरक्षण र विकास गर्ने हाम्रो लक्ष्य छ", उहाँले भन्नुभयो, "यी स्थललाई पनि यहाँको पर्यटनसँग जोड्ने सम्भावना छ ।" सीता गुफा राम्रै पर्यटकीय गन्तव्य बन्न सक्ने भए पनि यसको संरक्षणसँगै प्रचारप्रसार हुन सकेको छैन । धार्मिक महत्वको बज्रमुष्ठी मन्दिरसँगै देबनाथ बाबाले सिद्धि प्राप्त गरेको भूसनपुरको थाप्लोलाई पनि संरक्षण गरी धार्मिक पर्यटनको गन्तव्य बनाउन सकिने सम्भावना रहेको अध्यक्ष ढकालले बताउनुभयो । स्थानीयवासीले यसै क्षेत्रमा प्राचीन कालदेखि रहेको प्राकृतिक तोरी पोल्ने कोल पनि संरक्षण गर्नुपर्नेमा जोड दिँदै आएका छन् । यस क्षेत्रमा चिडियाखाना स्थापना गर्ने सोच २०६७ सालदेखि सुरु भएको युनाइटेड क्लबका पूर्वअध्यक्ष एवम् अभियन्ता हिमालय बखेल बताउनुहुन्छ । क्लबको पहल एवम् स्थानीयवासीको सक्रियतामा यसको निर्माण कार्य अघि बढी सञ्चालनको अवस्थासम्म आउनु आफैँमा महत्वपूर्ण रहेको उहाँले बताउनुभयो । चिडियाखानाको २०७२ साल साउन १५ गते तत्कालीन स्वास्थ्यमन्त्री खगराज अधिकारीले शिलान्यास गर्नुभएको थियो । युनाइटेड क्लबले प्रत्येक वर्ष गर्दै आएको पोखरा महोत्सवको आम्दानीको २० प्रतिशत रकम यही चिडियाखाना निर्माणकै लागि छुट्याइएको उहाँले जानकारी दिनुभयो । केन्द्र परिसर एवम् रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा वनस्पति पाइन्छ । रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चरा पाइन्छन् । केन्द्रको पूर्वी भाग रुपातालसँग जोडिएको हुँदा यसको निर्माणसँगै रुपातालको पनि संरक्षण हुने स्थानीयवासीको विश्वास छ ।

पोखराबाट जम्मा २५ किमी टाढा रहेको पचभैया निर्मित प्राणी उद्यान केन्द्र पोखरामा पर्यटकको बसाइ लम्ब्याउन पनि उत्तिकै महत्वपूर्ण बन्ने विश्वास लिइएको चापापानी चिसाकुना सामुदायिक वनका उपाध्यक्ष निर्मल अधिकारीले बताउनुभयो ।

पर्यटकलाई लक्षित गरी गण्डकी प्रदेश सरकारको सहयोगमा चापापानीबाट भ्युटावर र रुपाताल जाने पदमार्ग रु १५/१५ लाखको लागतमा निर्माण गरिएको उहाँले बताउनुभयो । केन्द्र सञ्चालनका लागि अघिल्लो वर्ष गण्डकी प्रदेश सरकारबाट रु एक करोड ५० लाख छुट्याइएको डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदार बराललले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त रकमबाट पदमार्गसँगै केन्द्र जाने लिङ्क रोडका भत्किएका बाटो मर्मत, जनावर राख्ने केजहरू निर्माण, डाटिङ गन खरिद आदि कामहरू गरिएको उहाँले जानकारी दिनुभयो । यस वर्ष केन्द्रका लागि रु ४० लाख विनियोजन गरिएको छ । केन्द्रको सञ्चालनका लागि एकजना व्यवस्थापकसहित तीनजना सहयोगी कर्मचारी राखिएको उहाँले जानकारी दिनुभयो ।



# कास्की कप ह्याण्डबल प्रतियोगितामा छात्रा तर्फ गण्डकी र छात्र तर्फ पोखरा एकेडेमी विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

सावीक विजेता छात्रा तर्फ गण्डकी गण्डकी बोर्डिङ स्कुल र छात्र तर्फ पोखरा एकेडेमीले नवौं कास्की कप ह्याण्डबल प्रतियोगिता २०७९ को उपाधि जितेका छन् ।

नवौं कास्की तथा छैटौं एकता कप बिद्यालय स्तरीय छात्रा ह्याण्डबल प्रतियोगिताको बुधबार पोखरामा भएको फाइनल खेलमा गण्डकीले सरस्वती बिद्या आश्रमलाई र छात्र तर्फको फाइनल खेलमा पोखरा एकेडेमी एले ज्ञान ज्योति बिद्या कुन्जलाई पराजित गर्दै उपाधि जितेका हुन् ।



पोखरा रंगशालाको कभर्ड हलमा बुधबार भएको छात्रा तर्फको फाइनल खेलमा गण्डकीले सरस्वती बिद्या आश्रमलाई ५–३ को गोल अन्तरले पराजित गर्दा छात्र तर्फको फाइनल खेलमा पोखरा एकेडेमीले ज्ञान ज्योति बिद्या कुन्जलाई १०–७ को गोल अन्तरले पराजित गरेको हो । गण्डकीको जितमा एलिजा कार्कीले दुई, आयुषा भुजेल, श्रृया श्रेष्ठ र पुर्णिमा क्षेत्रीले एक एक गोलको योगदान दिए । सरस्वतीको तर्फबाट कुशुम वानियाले दुई र स्वयता बोहोराले एक गोल गरिन । पोखरा एकेडेमीको जितमा विश्वास गायकले ५, आश्रीत बस्नेत र निरज गुरुङले दुई/दुई गोल गरे भने ज्याम्स छन्त्याललले एक गोल गरे । ज्ञान कुन्जका विवेक थापाले ह्याट्रिक, सन्देस सुनारले २ र सुमित पुन र जेतेन्द्र बुढाथोकीले एक/एक गोल गरे ।

प्रतियोगितामा छात्रा तर्फ सरस्वती बिद्या आश्रमकी करीस्मा बोहोरा उत्कृष्ट खेलाडी घोषित भईन भने सोही विधामा छात्र तर्फ पोखरा एकेडेमीका विश्वास गायक उत्कृष्ट खेलाडी घोषित भए । छात्रा तर्फ ८ गोल सहित सर्वाधिक गोलकर्ताको उपाधि सरस्वती बिद्याश्रमकी स्वयता बोहोराले पाउदा छात्र तर्फ सोही इभेण्टमा १० गोल गरेका गण्डकीका मनिस कुमार कुस्वाहाले प्राप्त गरे । त्यसै गरी प्रतियोगितामा छात्रा तर्फ उत्कृष्ट गोलरक्षको उपाधि सरस्वती बिद्या आश्रमकी अर्पना पुन सोही विधामा छात्र तर्फ पोखरा एकेडेमीका सोवित गुरुङले प्राप्त गरे । प्रतियोगितामा छात्र तथा छात्रा तर्फका विजेताले जनही १० हजार, उपबिजेताले ५ र तेश्रो हुनेले ३ हजार साथमा ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा उत्कृष्ट हुने खेलाडी सर्वाधिक गोलकर्तालाई नगद सहित ट्रफी प्रदान गरिएको छ । विजयी खेलाडीहरुलाई एकता बुक्स एण्ड डिष्ट्रिव्यूटर्स प्रा.लि.का क्षेत्रिय निर्देशक संजयकान्त अधिकारी, एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्का, संघका सल्लाहकार एवं पूर्व खेलाडी राम गुरुङ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, गण्डकी स्कुलका प्राचार्य विरेन्द्र खड्का, पूर्व राष्ट्रिय खेलाडी शान्ति थापा, कास्की जिल्ला वक्सिङ संघका अध्इक्ष क्या.मोतीलाल गुरुङ, संघका अध्यक्ष चित्र थापा लगायतले पुरस्कार वितरण गरेका थिए ।

'स्वस्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद' भन्ने नाराका साथ आयोजना भएको उक्त खेलले बिद्यालयस्तरबाटै ह्याण्डबल खेलको विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको संघका अध्यक्ष चित्र थापाले बताए । उक्त प्रतियोगिता अर्न्तगत छात्र तर्फ १३ र छात्रा तर्फ भने ८ टिमको सहभागिता रहेको आयोजक कास्की जिल्ला ह्याण्डबल संघले जनाएको छ ।

# यशकुमारी जिसी स्मृति मानवअधिकार पुरस्कार प्रतिभा आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीले सामाजिक अभियन्ता यशकुमारी जिसीको स्मृतिमा स्थापित यशकुमारी जिसी स्मृति मानवअधिकार पुरस्कारका लागि प्रतिभा आह्वान गरेको छ ।

संघको आइतवार सम्पन्न बैठकले विगतका वर्षमा जस्तै संघको अधिवेशनमा अर्पण गरिने पुरस्कारका लागि उक्त सूचना जारी गरेको हो । कुनै पनि राजनीतिक पद धारण नगरी कम्तीमा १० वर्षदेखि अधिकारका क्षेत्रमा काम गरेको महिलाले आफ्ना शैक्षिक योग्यता तथा अधिकारका क्षेत्रमा दिएको योगदान खुल्ने कागजातका प्रतिलिपि, व्यक्तिगत विवरण, नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटोसहितको आवेदन पठाउनु पर्ने संस्थाले जनाएको छ । हुर्जाद्वारा गठित प्रतिभा छनौट समितिले प्राप्त आवेदनमध्ये उत्कृष्टताका आधारमा पुरस्कृत व्यक्तित्व चयन गर्ने संस्थाद्वारा जारी सूचनामा जनाइएको छ । जसका लागि आफ्नो व्यक्ति विवरण हुर्जा गण्डकीको इमेल ठेगानामा पठाउनु पर्ने छ ।

उक्त पुरस्कारक ो राशि नगद १५ हजार १५, सम्मानपत्र र दोसल्ला रहेको छ । उक्त पुरस्कारबाट हालसम्म अधिकारकर्मी कास्कीकी प्रमिला तभ्रूया र लमजुङकी सानुमाया गुरुङ पुरस्कृत भइसकेका छन् ।

संस्थाले यशकुमारी जिसी स्मृति पुरस्कारका साथै ११ हजार १ सय ११ राशिका विविध पुरस्कारसहित विशिष्ट संस्था सम्मान अर्पण र मानवअधिकार आवाज मुखपत्र प्रकाशन गर्दै आएको छ । हालसम्म मानवअधिकार आवाजका १० अंक पनि प्रकाशन गरिसकेको छ । मानवअधिकार पत्रकारिता पुरस्कारबाट हालसम्म श्यामनाथ कुँवर, स्मीता अधिकारी, श्रीकान्त सापकोटा सम्मानित भइसकेका छन् । समाजसेवा सम्मानबाट चन्दबहादुर गुरुङ र बालअधिकारकर्मी एलिना श्रेष्ठ सम्मानित भइसकेका छन् । उक्त सम्मान तथा पुरस्कारको राशि ११ हजार १ सय ११ रहेको छ ।

यसैगरी सहयात्रा सम्मानबाट मतिलाल विशंखे, सीता जिसी, कृष्ण अन्जान ज्ञवाली, संस्थागत सम्मानबाट राष्ट्रिय मानवअधिकार आयोग गण्डकी, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, आदर्श समाज राष्ट्रिय दैनिक, परिवर्तन नेपाल र सयपत्री समाज सम्मानित भइसकेको पूर्व अध्यक्ष राजेश पराजुलीले जानकारी दिए ।

स्मरणरहोस्, तत्कालीन पोखरा लामाचौर-१९ मा २०१४ कार्तिक १३ गते जन्मेकी जिसी तत्कालीन महिला तथा बालबालिका विकास कार्यालयमा प्रमुखका रूपमा स्याङ्जाको वालिङमा सेवारत रहेकै समयमा २०४५ फागुन १ गतेका दिन स्वर्गारोहण भएको थियो । महिला प्रशिक्षण केन्द्र जावलाखेलको २०३९ सालको पहिलो व्याचका रुपमा रहेकी जिसीले ग्रामीण महिलाहरुको पेवा बढाउने, समूह गठन र महिलाहरुको विना धितो लगानी, कृषितर्फ अदुवा, तरकारी, वेसा, कफी खेती, रेशम किरा पालन, बाख्रा, भैंसी, कुखुरा पालन, उद्योगतर्फ पाउरोटी, गलैचाँ सिलाइबुनाइ तालिम प्रदान गर्दै महिला शसक्तिकरणमा क्रियाशील अधिकारका क्षेत्रमा क्रियाशील रहेकी थिइन् । उनको योगदानलाई चिरस्थायी गराउन भाइ सविन जिसीको सक्रियतामा हुर्जाले सञ्चालन गर्ने र अधिवेशनमा पुरस्कार अर्पण गर्ने गरी यशकुमारी जिसी स्मृति अक्षयकोष स्थापना गरेका हुन् । सोही कोषको व्याजबाट अधिकारकर्मीलाई पुरस्कृत गरिँदै आइएको हुर्जा गण्डकीका अध्यक्ष असफल गौतमले जानकारी दिए ।

# गण्डकी प्रदेशसभा : विधेयक पारित

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

गण्डकी प्रदेशसभाको आजको बैठकले केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक पारित गरेको छ ।

बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री रोशनबहादुर गाहा थापाले विधेयकलाई पारित गरियोस् भन्दै गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मत पारित गरेको हो ।

त्यसअघि विधेयकमाथिको दफावार छलफलमा सदस्य भीमबहादुर कार्की, अशोककुमार श्रेष्ठ, सुशीला सिंखडा, विन्दु अधिकारी पहाडी र जीतबहादुर शेरचनले भाग लिनुभएको थियो ।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै आन्तरिक मामिला तथा कानुनमन्त्री रोशनबहादुर गाहा थापाले ऐनहरू संशोधन गर्नुपर्ने आवश्यकता रहेकाले विधेयक ल्याइएको बताउँदै प्राप्त सुझावलाई आत्मसात् गर्दै अघि बढिने बताउनुभयो ।

यसअघिका प्रदेशसभाका बैठकमा सदस्यले उठाएका प्रश्नको जवाफ दिँदै कृषि, ऊर्जा तथा जलस्रोतमन्त्री वेदबहादुर गुरुङले गण्डकी प्रदेशमा शुद्ध खानेपानीको पहुँच घरघरमा पुग्ने गरी काम भइरहेको बताउनुभयो । प्रदेशभित्रका नदी कटानको समस्या समाधान गर्न लागि मन्त्रालयको ध्यानाकर्षण भएको उहाँले उल्लेख गर्नुभयो ।

आर्थिक मामिलामन्त्री सीताकुमारी सुन्दासले प्रदेश सरकारको पुँजीगत खर्च सुधारोन्मुख रहेको बताउनुभयो । विकासका काममा एकमतका साथ अघि बढ्ने उहाँको भनाइ छ । सभाको अर्को बैठक फागुन ८ गते दिनको २ बजे बस्नेछ ।

# नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न

**प्रतिक्षा पौडेल/समिक्षा गौतम**
पोखरा, ३ फागुन

पोखरा महानगरपालिका वडा नम्वर ७ को आयोजनामा सामाजिक क्षेत्रमा क्रियाशिल महिलाहरुको लागि नेतृत्व तथा क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्वर ७ का अध्यक्ष राममोहन आचार्यले सिकेका विषयलाई व्यवहारमा उतार्नको लागि आग्रह गर्नुभएको छ । उहाँले तालिममा सहभागी सम्पूर्णलाई सक्रिय सहभागिता जनाउनका लागि आग्रह गनुभयो । वडा सदस्य तथा कार्यक्रम संयोजक बसुन्धरा लामिछानेले वडामा रहेका सामाजिक संस्थाले अत्यन्तै प्रभावकारी कार्यक्रम गरिरहेको तर गरेका गतिविधिलाई सम्वन्धित ठाउँमा पुगेर राख्न नसकेको हुँदा यो कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

कार्यक्रमको संचालन वडा सदस्य विष्णुमणि बरालले गर्नुभएको थियो । तालिमको सहजीकरण रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारी र पत्रकार शुस्मा पौडेलले गर्नुभएको थियो । तालिममा वडामा सामाजिक क्षेत्रमा क्रियाशिल संस्थाहरुका ५१ जना प्रतिनिधिको सहभागिता रहेको थियो । (विद्यार्थी पत्रकार)

# कामपामा सञ्चालित एक सय ३७ सहकारीमाथि उजुरी

**रासस**
काठमाडौं, ३ फागुन

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका एक सय ३७ सहकारी संस्थामाथि वचतकर्ताले आफ्नो रकम फिर्ता नगरेको भन्दै उजुरी गरेका छन् । ती उजुरी चालु आर्थिक वर्षको हालसम्म परेको कामपाले जनाएको छ । मङ्सिर महिनामा उजुरी गर्नेको सङ्ख्यामा कमी आएको भए पनि पछिल्लो समय दैनिक एक सयसम्म उजुरी आउने गरेको कामपा सहकारी विभागले जानकारी दिएको छ ।

गत आर्थिक वर्षभरिमा जम्मा ६० उजुरी परेका भए पनि चालु आर्थिक वर्षको छ महिनाको अवधिमा एक सय ३७ ठगीको उजुरी परेको कामपा सहकारी विभागका प्रमुख देवेन्द्र पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसारसबैभन्दा बढी बचत थत ऋण सहकारीमाथि बचतकर्ताको रकम फिर्ता नगरेको ठगीका उजुरी छन् ।

# अनेरास्ववियुको निर्वाचन कार्यतालिका सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

नेकपा (एमाले) निकट अनेरास्ववियुको नयाँ नेतृत्वका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ ।

प्रमुख निर्वाचन अधिकृत कुमारप्रसाद खकुरेलले आज निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको जानकारी दिनुभयो । निर्वाचन कार्यतालिका अनुसार बुधबार उम्मेदवारी दर्ता र बिहीबार निर्वाचनको समय तोकिएको छ । मंगलबार मतदाता नामावली सार्वजनिक, उम्मेदवार दर्ता र बिहीबार निर्वाचनको समय तोकिएको उहाँले बताउनुभयो । आज दिउँसो ४ बजेसम्म उम्मेदवारी दर्ता, साँझ ६ बजे देखि ७ बजेसम्म उम्मेदवारी दर्ता फिर्ताका लागि समय तोकिएको छ । यस्तै बिहीबार फागुन ४ गते बिहान ९ देखि साँझ ५ बजेसम्म मतदानको समय तोकिएको छ । अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले निर्वाचन कार्यतालिका सार्वजनिक गरे पनि सहमतिको प्रयास भइरहेको जानकारी दिनुभयो । नयाँ नेतृत्वका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष आरसी लामिछाने, उपाध्यक्ष मोती विक, झविन्द्र खत्री र महासचिव बडाल रहनुभएको छ । महाधिवेशनले आगामी दुई वर्षका लागि एक सय ९९ सदस्यीय केन्द्रीय कमिटी, १७ पदाधिकारी र तीन आयोग (अनुशासन, लेखा र निर्वाचन) निर्वाचित गर्नेछ । महाविधेशनमा एक हजार पाँच सय ७३ प्रतिनिधि सहभागी छन् । यस्तै निर्वाचन प्रक्रियालाई व्यवस्थित, छिटोछरितो बनाउन विद्युतीय मेसिनमार्फत निर्वाचन गर्ने व्यवस्था गरिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानमा मङ्गलबारदेखि सुरु भएको महाधिवेशन बिहीबारसम्म सञ्चालन हुनेछ ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन न. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

